सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड संचालक समितिको पाँचौं विशेष साधारण सभा २०७६ को प्रतिवेदन

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
स्थगित पाँचौं विशेष साधारण सभा बस्ने सम्बन्धी सूचना

प्रकाशित मिति : २०७७/०२/२०

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको मिति २०७६/१२/१० गतेका दिन बोलाईएको पाँचौं विशेष साधारण सभा विश्वव्यापी कोभिड-१९ महामारीको कारणले स्थगित गरिएकोमा सो स्थगित पाँचौं विशेष साधारण सभा मिति २०७७/०२/१९ गते बसेको सञ्चालक समितिको ३३४ औ बैठकले निर्णय गरे अनुसार यस बैंकको पाचौं विशेष साधारण सभा निम्न लिखित मिति, स्थान र समयमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी एवं Webinar मार्फत उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. सभा हुने मिति, स्थान र समय

सभा हुने मिति :- २०७७ साल जेष्ठ २७ गते मंगलबार (तदअनुसार ०९ जुन, २०२०)

स्थान :- बैंकको प्रधान कार्यालय रहेको भवन, नारायणहिटी पथ, दरवारमार्ग, काठमाण्डौ । (Webinar मार्फत संचालन गरिने)

सभा सुरु हुने समय : - बिहान ११:०० बजे

२. छलफलका विषयहरु :

क. बिशेष प्रस्तावहरु

१. सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले सहयोगी विकास बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्ने सम्बन्धमा सञ्चालक समितिको तर्फबाट प्रस्तुत प्रतिवेदनलाई छलफल गरी पारित गर्ने ।

२. सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले सहयोगी विकास बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्ने प्रयोजनका लागि मूल्याङ्कनकर्ता पि पि प्रधान एण्ड कम्पनी चार्टड एकाउण्टेन्टस्बाट प्राप्त सहयोगी विकास बैंक लिमिटेडको चल/अचल सम्पत्ति र दायित्व मूल्याङ्कन प्रतिवेदन (Due Diligence Audit Report), प्राप्ति (एक्विजिसन) पश्चातका व्यावसायीक अवसरहरु, सम्पत्ति एवं दायित्वको बजार मूल्य, वर्तमान जोखिम अवस्था समेतका आधारमा सहयोगी विकास बैंक लिमिटेडको १०० कित्ता शेयरलाई सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको ९१.७५ कित्ता शेयर (१:०.९१७५) दिने गरी शेयर मूल्य अनुपात (Share Swap Ratio) कायम गर्ने र सहयोगी विकास बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्न स्वीकृति प्रदान गर्ने ।

३. सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले सहयोगी विकास बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्न मिति २०७६/०३/२२ मा दुबै पक्ष बीच गरिएको सहमतिलाई नेपाल राष्ट्र बैकबाट सैद्धान्तिक सहमति प्राप्त भएको हुँदा उक्त वित्तीय संस्थालाई प्राप्ति (एक्विजिसन) गर्न गरिएको अन्तिम सम्झौता (Scheme of Arrangement) लगायत संयुक्त मर्जर तथा एक्विजिसन समितिबाट भए गरेका काम कारवाहीहरु अनुमोदन गर्ने ।

४. सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले सहयोगी विकास बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्ने प्रयोजनका लागि गठित
संयुक्त मर्जर तथा एक्विजिसन समितिबाट नियुक्त लेखापरीक्षक श्री पि पि प्रधान एण्ड कम्पनी चार्टड एकाउण्टेन्टस्को नियुक्तिलाई अनुमोदन गर्ने ।

५. सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले सहयोगी विकास बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्न दुबै पक्ष बीच गरिएको अन्तिम सम्झौता पत्र बमोजिम नियमनकारी निकायहरुबाट प्राप्त सुझाव तथा निर्देशन बमोजिम प्राप्ति (एक्विजिसन) सम्बन्धी गर्नु पर्ने थपघट तथा आवश्यक संशोधन लगायत सम्पूर्ण कार्यहरु गर्न सञ्चालक समितिलाई अख्तियार प्रदान गर्ने ।

६. सहयोगी विकास बैंक लिमिटेडलाई यस बैंकले प्राप्ति (एक्विजिसन) पश्चात बैंकको जारी तथा चुक्ता पूँजी साबिकको रु. ८,६२,२१,९६,७१६/- बाट वृद्धि भई रु.९,०८,९८,१७,२९०/- हुने भएकोले सोही बमोजिम हुने गरि बैंकको प्रबन्ध पत्र संशोधन गर्ने ।

७. बैंकको प्रबन्ध पत्र संशोधन गर्न अनुमति लिनुपर्ने निकायहरूबाट प्राप्त हुन आउने निर्देशन बमोजिम थपघट लगायत अन्य आवश्यक संशोधन गर्न सञ्चालक समितिलाई अख्तियार प्रदान गर्ने ।

ख. विविध

विशेष साधारण सभा सम्बन्धी अन्य जानकारी

१. बिशेष साधारण सभालाई ध्यानमा राखी मिति २०७६/१२/०३ गते १ दिन बैंकको शेयरधनी दर्त्ता किताव बन्द गरिएको । सो को सूचना २०७६ साल फाल्गुन २२ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिकमा प्रकाशित गरिएको । नेपाल स्टक एकस्चेन्ज लिमिटेडमा २०७६/१२/०२ गतेसम्म कारोबार भई म्यादभित्र यस बैंकको शेयर रजिष्ट्रार सि.वि.आई.एल.क्यापिटल लिमिटेड, वाटुलेघर, डिल्लीबजार, काठमाण्डौमा प्राप्त शेयर नामसारीको लिखतको आधारमा शेयरधनी दर्ता कितावमा कायम शेयरधनीहरुले सो सभामा भाग लिन पाउने छन् ।

२. विशेष साधारण सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले हितग्राही (DMAT) खाता खोलिएका/शेयर प्रमाण पत्र र आफ्नो परिचय खुल्ने प्रमाण वा सोको प्रतिलिपि अनिवार्य रुपमा साथमा लिई आउनुहुन अनुरोध छ ।

३. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावले Webinar मार्फत उपस्थिति जनाउनु हुन अनुरोध छ । साधारण सभाको हाजिरी पुस्तिका विहान १०:०० बजे देखि खुल्ला रहनेछ ।

४. सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रचलित कम्पनी कानूनले तोकेको ढाँचामा प्रतिनिधिपत्र (प्रोक्सी) फारम भरी सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगाडि अर्थात् २०७७/०२/२५ गते बिहान ११:०० बजे भित्र बैंकको मुख्य कार्यालय नारायणहिटी पथमा दर्ता गराई सक्नु पर्नेछ । बैंकको शेयरधनी बाहेक अरुलाई प्रोक्सी दिन र एकभन्दा बढी व्यक्तिलाई आफ्नो शेयर विभाजन गरी तथा अन्य कुनै किसिमबाट छुट्याई प्रोक्सी दिन पाइने छैन, यसरी दिइएको प्रोक्सी बदर हुनेछ ।

५. प्रतिनिधि (प्रोक्सी) नियुक्त गरि सकेपछि सम्बन्धित शेयरधनीले प्रतिनिधि फेरबदल गर्न चाहेमा यस अघि दिएको प्रतिनिधि (प्रोक्सी) बदर गरी यो प्रतिनिधि (प्रोक्सी) लाई मान्यता दिइयोस् भन्ने छुट्टै पत्र सहित प्रोक्सी फाराम बैंकको मुख्य कार्यालयमा सभा शुरु हुनुभन्दा कम्तीमा ४८ घण्टा अगावै दर्ता गराएको अवस्थामा अघिल्लो प्रतिनिधिलाई स्वतः बदर भएको मानी पछिल्लो प्रतिनिधि (प्रोक्सी) लाई मान्यता दिइने छ । प्रतिनिधि नियुक्त गरी सकेको शेयरधनी आफै सभामा उपस्थित भई हाजीर पुस्तिकामा दस्तखत गरेमा निजले दिएको प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ ।

६. एकभन्दा वढी व्यक्तिहरुको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको एकजनाले मात्र वा लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भाग लिन सक्ने छन् ।

७. नाबालक वा मानसिक सन्तुलन ठीक नरहेको शेयरधनीहरुको तर्फबाट बैंकको शेयर लगत दर्ता किताबमा संरक्षकको रुपमा नाम दर्ता भइरहेका महानुभावहरुले सभामा भाग लिन प्रतिनिधि तोक्न सक्नु हुनेछ ।

८. सभा सम्बन्धमा थप जानकारी आवश्यक परेमा कार्यालय समयभित्र बैंकको प्रधान कार्यालय नारायणहिटी पथ, दरवारमार्ग, काठमाण्डौंमा सम्पर्क राख्न समेत अनुरोध गरिन्छ ।

९. सुरक्षाको दृष्टिकोणले शेयरधनी महानुभावहरु सभा स्थलमा आउँदा झोला, व्याग जस्ता बस्तुहरु नलिई आउनु हुन अनुरोध छ । आवश्यक देखिएमा सुरक्षाकर्मीले सुरक्षा जाँच गर्न सक्ने हुँदा सो कार्यमा सहयोग गरिदिनु हुन समेत अनुरोध गरिन्छ ।

१०. पाँचौं बिशेष साधारण सभामा जिज्ञासा राख्न चाहने शेयरधनी महानुभावहरुले आफुले राख्न चाहेको बिषयमा सभा हुनु भन्दा ४८ घण्टा अगावै इमेल (sgm@ctzbank.com) मार्फत जानकारी दिनुहुन अनुरोध गरिन्छ ।

११. कोभिड-१९ को कारणले सृजना हुन सक्ने सम्भावित असर तथा जोखिमलाई मध्यनजर गरी नेपाल सरकारले पालना गर्नुपर्ने भनी तोकिएका सम्पूर्ण सुरक्षात्मक उपायहरु अवलम्बन गरी विशेष साधारण सभा संचालन गर्ने प्रबन्ध मिलाईएको छ । साथै शेयरधनी महानुभावहरुले बैंकको यस विशेष साधारण सभामा Webinar मार्फत साधारणसभा हुने समयभन्दा २४ घण्टा अगाडी मोवाईल नं.९८५१०३२२५४ वा ९८५१०१२३४५ मा सम्पर्क गरी सहभागीता जनाउनु हुन अनुरोध गरिन्छ ।

पुनश्च : शेयरधनी महानुभावहरुले कम्पनीको मुख्य कार्यालय नारायणहिटी पथ, दरवारमार्ग, काठमाण्डौमा उपस्थित भई विशेष साधारण सभामा पेश हुने सम्पूर्ण प्रस्तावहरु निरीक्षण गर्न र प्राप्त गर्न सक्ने व्यहोरा समेत जानकारीका लागी सूचित गरिन्छ । विशेष साधारण सभामा पेश हुने सम्पूर्ण प्रस्तावहरु बैंकको Website: www.ctznbank.com मा पनि हेर्न सक्नुहुनेछ ।

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको पाँचौं विशेष साधारण सभा २०७६ को संचालक समितिको प्रतिवेदन

आदरणीय शेयरधनी महानुभावहरु,

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको पाँचौ विशेष साधारण सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरूलाई सञ्चालक समितिको तर्फबाट म हार्दिक स्वागत गर्दछु ।

नेपाल सरकारको वित्तीय क्षेत्रमा सुशासन र स्थायित्व अभिवृद्धि कायम गर्दै वित्तीय पहुँच अभिवृद्धि गर्ने नीति बमोजिम बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने/ गाभिने नीतिलाई प्रोत्साहन गरेको र सोही नीति र प्रोत्साहनलाई बैंकले पनि सदा झै आत्मसाथ गर्दै बैंकको २०७६ आश्विन १० गते बसेको तेह्रौ साधारण सभाबाट संचालक समितिलाई उपयुक्त बैंक तथा वित्तीय संस्थाहरुसँग एक आपसमा गाभ्ने र गाभिने वा प्राप्ति गर्ने सम्बन्धि प्रारम्भिक तथा अन्तिम सम्झौता गर्न र सो प्रकृया पुरा गर्न आवश्यक पर्ने सम्पूर्ण कार्य गर्नको लागि संचालक समितिलाई अख्तियार प्रदान गर्ने निर्णय भएको व्यहोरा आदरणीय शेयरधनी महानुभावहरुलाई अवगत नै छ । नेपाल राष्ट्र बैंकबाट मर्जर तथा एक्विजिशन सम्बन्धमा बैंकको धारणा पेश गर्न निर्देशन भए बमोजिम मिति २०७६ आषाढ १९ गतेको पत्र मार्फत प्रथम प्राथमिकता विदेशी बैंक वा वित्तीय संस्थासँग ज्वाइन्ट भेञ्चरमा जान उपयुक्त हुने र दोस्रो विकल्पमा "क" वर्गको बैंक सँग मर्जरमा जाने कुरालाई खुला राख्दै तत्कालको लागि "ख" वा "ग" वर्गका वित्तीय संस्थालाई प्राप्ति गर्ने कार्यलाई तिव्रता दिने संचालक समितिको नीतिगत निर्णय भए वमोजिम उपयुक्त संस्था पहिचान गर्ने कार्यलाई गति प्रदान गरिएको व्यहोरा उल्लेख गरि संचालक समितिको मिति २०७६ आषाढ १५ गतेको निर्णय अनुसार बैंकको धारणा नेपाल राष्ट्र बैंक समक्ष पेश गरिएको व्यहोरा आदरणीय महानुभावहरुको जानकारीका लागि अनुरोध गर्दछु । तसर्थ बैंकको १३ औ वार्षिक साधारण सभाको मर्जर तथा एक्विजिशनमा जान सक्ने निर्णय एवं नेपाल राष्ट्र बैंक समक्ष पेश गरिएको उल्लेखित अवधारणा अनुसार यस बैंकले प्रदेश नं. २, धनुषा जिल्लामा केन्द्रिय कार्यालय भई धनुषा, महोत्तरी, सिराहा, सर्लाही र सिन्धुली जिल्लामा उपस्थिति रहेको ५ जिल्ला स्तरको सहयोगी विकास बैंक लिमिटेडलाई प्राप्ति गर्ने कार्यका लागि मिति २०७६/०३/२२ मा समझदारीपत्रमा हस्ताक्षर भई नेपाल राष्ट्र बैंकबाट मिति २०७६/०५/१५ मा प्राप्ति (एक्विजिशन)को लागि सैद्धान्तिक सहमति प्राप्त भए अनुसार मिति २०७६/०९/२८ मा प्राप्ति (एक्विजिशन) कार्यका लागि दुवै संस्था बीच अन्तिम संझौता पत्रमा हस्ताक्षर भएकोले सोही बमोजिम प्राप्ति सम्बन्धी कार्यलाई अघि बढाउन बैंकले पाँचौ विशेष साधारण सभाको आव्हान गरिएको छ ।

मर्जर तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी संचालक समितिबाट भए गरेका काम कारबाही तथा प्रस्तावित प्राप्ति सम्बन्धी विशेष व्यवस्था तथा जानकारीहरु निम्नानुसार रहेका छन ।

क. मर्जर समितिको गठनः

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले र सहयोगी विकास बैंक लिमिटेडलाई प्राप्ति (Acquire) गर्ने कार्य सम्पन्न गर्नका लागि मिति २०७६ आषढ २२ गते सम्पन्न प्रारम्भिक सम्फौता बमोजिमको एक संयुक्त मर्जर तथा प्राप्ति समिति (Joint Merger and Acquisition Committee) गठन गरिएको थियो ।

१) पबित्र कुमार कार्की, संचालक, सिटिजन्स बैंक इ. लि. - संयोजक

२) बालकृष्ण प्रसाई, संचालक, सिटिजन्स बैंक इ. लि. - सदस्य
३) प्रकाश चन्द्र मैनाली, संचालक, सिटिजन्स बैंक इ. लि. - सदस्य
४) डिल्ली प्रकाश घिमिरे, संचालक, सहयोगी विकास बैंक लि. - सदस्य
५) शरद चन्द्र सुवेदी, संचालक, सहयोगी विकास बैंक लि. - सदस्य

तर मिति २०७६ असोज १० गतेबाट सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडबाट प्रतिनिधित्व गर्ने संयुक्त मर्जर तथा प्राप्ति समितिका सदस्यहरुको कार्यकाल समाप्त भएकोले उक्त समितिको निम्नानुसार पुनर्गठन गरिएको थियो ।

१) प्रवल जङ्ग पाण्डे, संचालक, सिटिजन्स बैंक इ. लि. - संयोजक
२) प्रकाश चन्द्र मैनाली, संचालक, सिटिजन्स बैंक इ. लि. - सदस्य
३) विजय ध्वज कार्की, संचालक, सिटिजन्स बैंक इ. लि. - सदस्य
४) डिल्ली प्रकाश घिमिरे, संचालक, सहयोगी विकास बैंक लि. - सदस्य
५) शरद चन्द्र सुवेदी, संचालक, सहयोगी विकास बैंक लि. - सदस्य

ख. सम्पत्ति तथा दायित्वको मूल्यांकनः

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले सहयोगी विकास बैंक लिमिटेडलाई प्राप्ति (Acquire) गर्ने कार्य गर्नको लागि पि. पि. प्रधान एण्ड कम्पनी, चार्टड एकाउन्टेन्टस्लाई दायित्व तथा सम्पत्तिको मूल्यांकनकर्ता नियुक्त गरी निजबाट मिति २०७६ साल आषाढ मसान्तसम्मको Due Diligence Audit (DDA) को प्रतिवेदन मिति २०७६।०९।०६ मा प्राप्त भएको थियो ।

ग. प्राप्त गर्ने सम्बन्धमा दुबै संस्थाहरुका बीचमा भएको सम्झौतापत्र तथा दायित्व तथा सम्पत्तिको मूल्यांकन प्रतिवेदन Due Diligence Audit (DDA) को मुख्य पक्षहरु देहाय बमोजिम रहेका छन ।

(१) प्राप्त गर्ने र लक्षित संस्थाको नाम, ठेगाना, इजाजतपत्रको वर्ग र कार्यक्षेत्र, प्राप्ति गरिसकेपछि सो संस्था रहने नाम, ठेगाना, इजाजतपत्रको वर्ग र कार्यक्षेत्र :

संस्था प्राप्ति पछिको संस्थाको नाम "क" वर्गको राष्ट्रिय स्तरको बैंकको रुपमा ''सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड'' र अंग्रेजीमा "Citizens Bank International Limited" रहनेछ र संस्था प्राप्ति पछि संस्थाको रजिष्टर्ड ठेगाना काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १, नारायणहिटी पथमा रहनेछ ।

(२) बैंक वा वित्तीय संस्था प्राप्ति गर्ने सम्बन्धी कार्यको आवश्यकता र औचित्य सम्बन्धमा :

(१) सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले सहयोगी विकास बैंक लिमिटेडलाई प्राप्ति गरे पश्चात संस्थाको पूँजी संरचना थप बलियो हुने, संस्थाको शाखा संजाल थप विस्तार हुने, व्यक्तिगत निक्षेप तथा साना तथा मझौला कर्जाको बिस्तारमासहयोग पुग्ने, थप सवल एवं सुदृढ बाणिज्य बैंकको रुपमा स्थापित भई शेयरधनीहरुलाई आकर्षक प्रतिफल, सेवाग्राहीलाई सुलभ, सरल रुपमा प्रभावकारी बैंकिङ्ग सेवा प्रदान गर्न सकिने सक्षम संस्था बन्ने छ ।

(२) सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले सहयोगी विकास बैंक लिमिटेडलाई प्राप्ति गरे पश्चात सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको गुणस्तरीय वित्तीय सेवा, व्यवसाय, कारोबार तथा आर्थिक

गतिविधिहरुको विस्तारमा ठोस योगदान पुग्ने तथा पूँजी आधार बलियो हुने हुँदा देशको आर्थिक विकासको लागि आवश्यक पर्ने पूर्वाधार विकास तथा अन्य क्षेत्रमा वित्तीय श्रोत परिचालन गर्नमा सघाउ पुग्नेछ ।

(३) सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले सहयोगी विकास बैंक लिमिटेडलाई प्राप्ति गरे पश्चात सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडका जोखिम बहन गर्ने क्षमतामा अभिवृद्धि भई पूँजी पर्याप्तता, तरलता, व्यवसायको आकार जस्ता विभिन्न सूचकांकहरुमा उल्लेख्य सुधार हुन गई कर्मचारी एवं संचालन खर्चमा समेत कमी भई समग्रमा यो प्राप्तिबाट अन्ततः देशको विकासमा पनि सकारात्मक योगदान पुग्ने हुँदा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले सहयोगी विकास बैंक लिमिटेडलाई प्राप्ति गर्नुको आवश्यकता र औचित्य पुष्टि हुने देखिएकोले सहयोगी विकास बैंक लिमिटेडलाई प्राप्ति गर्न दुबै संस्था सहमत भएका छौं ।

(३) बैंक वा वित्तीय संस्था प्राप्ति भएपछि बैंकिङ्ग तथा वित्तीय क्षेत्र र प्रणालीमा पार्ने असरः

(१) सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले सहयोगी विकास बैंक लिमिटेडलाई प्राप्ति गरे पश्चात बैंक तथा वित्तीय संस्थाको संख्यामा कमी आई अस्वस्थ प्रतिस्पर्धाको अवस्थालाई निरुत्साहित गर्न तथा बैंकिङ्ग क्षेत्रको सुशासन अभिवृद्धि गर्नमा मद्दत पुग्नेछ ।

(२) सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले सहयोगी विकास बैंक लिमिटेडलाई प्राप्ति गरे पश्चात सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको प्रतिस्पर्धात्मक क्षमता बढ्ने छ जसले गर्दा सेवाको गुणात्मकता बृद्धि हुन गई प्रभावकारी बैकिङ्ग सेवा प्रदान गर्न सघाउ पुग्नेछ ।

(३) सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले सहयोगी विकास बैंक लिमिटेडलाई प्राप्ति गरे पश्चात नेपाल सरकार, आ. व. २०७६/७७ बजेटमा उल्लेखित ठूलो बैंक गाभ्ने गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिसन) योजनाको कार्यान्वयनमा सहयोग पुग्ने विश्वास लिईएको छ ।

(४) सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले सहयोगी विकास बैंक लिमिटेडको संस्थागत सुशासनमा अझ अभिबृद्धि भई समग्र बैंकिङ्ग तथा वित्तीय प्रणालीको सम्बर्द्धन एवं प्रवर्द्धन गर्न र सो प्रति सर्वसाधारणको विश्वसनीयतामा समेत अभिबृद्धि भई प्राप्ति कार्य सम्पन्न भए पछि बैंक तथा वित्तीय क्षेत्र र प्रणालीमा सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ । यसबाट देशमा उत्पादनमुलक, रोजगारमुलक, सेवामुलक एवं भौतिकपूर्वाधारका क्षेत्रहरुमा समेत पर्याप्त लगानी गर्न सवल र सक्षम बाणिज्य बैंकको रुपमा देशको समग्र आर्थिक विकास एवं वित्तीय प्रणालीमा महत्वपूर्ण भूमिका निर्वाह हुनेछ ।

(४) लगानी तथा कारोबारको व्यवस्थापन, अन्तर संस्था स्वामित्व तथा अन्तर संस्था लेनदेन विवरण, जमानत वा प्रत्याभूतिको विवरण, गैर बैंकिङ्ग कारोबारको व्यवस्थापन, सम्पत्ति र दायित्वको उचित व्यवस्थापन

(१) सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले सहयोगी विकास बैंक लिमिटेडलाई प्राप्ति गरे पश्चात सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको दुबै संस्थामा रहेको लगानी तथा कारोबारहरुको पुनरावलोकन गरी भविष्यको लागि आवश्यक निर्णय लिइनेछ । साथै लगानी तथा कारोबारहरुको व्यवस्थापनलाई थप सुदृढ गर्न नीति तथा कार्यविधिहरुमा आवश्यक सुधार गरिनेछ ।

(२) हाल कायम रहेको अन्तर संस्था स्वामित्व तथा अन्तर संस्था लेनदेन विवरण, जमानत वा प्रत्याभूतिको विवरण

सहयोगी विकास बैंक लिमिटेडका संस्थापक शेयर धनीहरुको सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा कुनै पनि कर्जा रहेको छैन ।

(३) सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले सहयोगी विकास बैंक लिमिटेडलाई प्राप्ति गरे पश्चात सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको दुबै संस्थामा रहेका गैर बैंकिङ्ग सम्पत्ति लगायतका कारोबारको पुनरावलोकन गरी सोको व्यवस्थापन सम्बन्धी आवश्यक निर्णय लिइनेछ । साथै गैर बैंकिङ्ग कारोबारको व्यवस्थापनलाई थप सुदृढ गर्न नीति तथा कार्यविधिहरुमा आवश्यक सुधार गरिनेछ ।

(४) सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले सहयोगी विकास बैंक लिमिटेडलाई प्राप्ति गरे पश्चात सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको दुबै संस्थामा रहेको सम्पत्ति र दायित्वको पुनरावलोकन गरी भविष्यको लागि आवश्यक निर्णय लिइनेछ । साथै सम्पत्ति र दायित्वका उचित व्यवस्थापनको लागि नीति तथा कार्यविधिहरुमा आवश्यक सुधार गरिनेछ ।

(५) निक्षेपकर्ताको हक हित संरक्षण गर्ने व्यवस्थाः

(१) सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले सहयोगी विकास बैंक लिमिटेडलाई प्राप्ति गरे पश्चात सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको पूँजीगत आधार सुदृढ भई बैंकिङ्ग तथा वित्तीय प्रणालीलाई सुशासित, सुरक्षित, स्वस्थ, कुशल तथा सक्षम बनाई वित्तीय क्षेत्रको स्थायित्वका लागि निक्षेपकर्ताको हक हित संरक्षण हुनेछ।

(२) सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले सहयोगी विकास बैंक लिमिटेडलाई प्राप्ति गरे पश्चात दुबै संस्थाका शाखाहरु एउटै संस्थाको मातहतमा आउँदा कर्मचारीहरुको अनुभव आदान प्रदान हुने, हाल दुबै संस्थाले लागू गर्दै आएको निक्षेप उपकरणहरु (Deposit Products) को आवश्यकता अनुसारको परिमार्जन तथा समायोजन हुँदा उपयोगी निक्षेपहरुमात्र संचालनमा आउनाले निक्षेपकर्ताहरुलाई लाभ पुग्ने अपेक्षा गरिएको छ ।

(३) सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले सहयोगी विकास बैंक लिमिटेडलाई प्राप्ति गरे पश्चात सहयोगी विकास बैंक लिमिटेडका शाखाहरु पनि प्राप्ति पश्चात वाणिज्य बैंकका शाखा बन्ने हुँदा निक्षेपकर्ताहरुले सुविधाहरु अझ प्रभावकारी रुपमा प्राप्त गर्न सक्नेछन् ।

(४) निक्षेपकर्ताको हक हित संरक्षण गर्नका लागि नेपाल राष्ट्र बैंकले तोके बमोजिमको सीमा भित्रका निक्षेप रकमहरुको निक्षेप बीमा प्राप्ति पश्चात पनि निरन्तर कायम रहनेछ ।

(५) हाल निक्षेपकर्ताहरुले प्राप्त गर्दै आएका सुविधाहरु नेपाल राष्ट्र बैंकको निर्देशन, बैंकको आन्तरिक नीति एवं प्रचलित कानूनको अधिनमा रही यथावत निरन्तरता दिइने छ ।

(६) कुनै एक क्षेत्रमा अधिकेन्द्रित निक्षेप नीति अंगीकार नगरी निक्षेप विविधिकरणको नीति अवलम्बन गरिनेछ । जसले बैंकको निक्षेप जोखिम व्यवस्थापन गर्न सहयोग पुग्नेछ ।

(७) व्यक्तिगत प्रकृतिका निक्षेपहरुलाई प्रोत्साहन गरिनेछ ।

(६) सर्वसाधारण शेयरधनी र अन्य साहुहरुको हक हित संरक्षण गर्ने व्यवस्था :

(१) दुबै संस्थाको वित्तीय, मानव संशाधन, प्राविधिक एवं अन्य क्षमता अभिबृद्धि गरी लगानीकर्ता एवं सर्वसाधारण शेयरधनीहरुलाई उचित प्रतिफल दिलाउँदै पूँजी संरचना अनुसार निजहरुको हक हित संरक्षण गर्न प्रतिवद्ध रहनेछ ।

(२) सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले सहयोगी विकास बैंक लिमिटेडलाई प्राप्ति गरे पश्चात बैंकको पूँजी आधार बढ्न, वित्तीय श्रोत साधनको परिचालन अझ बढी प्रभावकारी हुने, व्यवसाय विस्तारको सम्भावना अझै फराकिलो हुने हुँदा बैंकको मुनाफाको आधार बढ्नेछ र जसबाट शेयरधनीहरु प्रत्यक्ष लाभान्वित हुनेछन् ।

(३) प्राप्ति पश्चात बैंकको पूँजी कोष बढ्ने हुनाले बैंकको दायित्व बहन गर्ने क्षमता (Solvency Capacity) मा बृद्धि हुनेछ जसबाट लगानीकर्ता शेयरधनी तथा अन्य साहुहरुले थप सुरक्षित महशुस गर्नेछन् ।

(४) प्राप्ति पश्चात पनि बैंकको पूँजी आधार क्रमशः बढाउँदै लैजानको लागि आवश्यकता अनुसार सम्बन्धित निकायको अनुमति लिई बोनस शेयर निष्काशन एंव अन्य वित्तीय संस्थाहरु सँग मर्जर/प्राप्ति गर्ने नीति लिईनेछ । जसबाट शेयरधनीहरु थप लाभान्वित हुनेछन् ।

(७) बैंक तथा वित्तीय संस्थाको वित्तीय अवस्था, कर्जा तथा लगानी र कारोवारको व्यवस्थापन :

(१) दुबै संस्थाको आ.व. २०७६।७७ को आषाढ मसान्त सम्मको वित्तीय अवस्था, कर्जा तथा लगानी र कारोबार अन्तिम सम्झौतापत्रमा उल्लेख भए बमोजिम निम्नानुसार रहेको छ ।

(रकम रु.मा)

प्रमुख वित्तीय परिसूचक	सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड	सहयोगी विकास बैंक लिमिटेड	प्राप्ति पश्चात कुल
चुक्ता पूँजी	८,६२२,१९६,७१६.००	५०९,६६८,२००.००	९,०८९,८१७,२९०
संस्थापक	४,३९७,३२०,३२५.२६	२५९,९३०,८००.००	४,६३५,८०६,८१८
सर्वसाधारण	४,२२४,८७६,३९०.९३	२४९,७३७,४००.००	४,४५४,०१०,४७२
प्राथमिक पूँजी (रकममा)	१०,५१६,६३१,५४१.४८	७७८,७७१,०२५.००	११,२९५,४०२,५६६.४८
पूँजीकोष (रकममा)	११,३७९,४५०,४७२.६२	८२८,२२०,४६५.००	१२,२०७,६७०,९३७.६२
प्राथमिक पूँजी (प्रतिशतमा)	११.७८	१५.५४	११.९८
पूँजीकोष (प्रतिशतमा)	१२.७५	१६.५३	१२.९५
जोखिम भारित सम्पत्ति	८९,२७७,८५५,५०३	५,०१०,४७७,५८७.००	९४,२८८,३३३,०८९.८०
पूँजी कोष अनुपात (प्रतिशतमा)	१२.७५	१६.५३	१२.९५
नेटवर्थ (जम्मा) (रकममा)	११,८२७,८४७,७३७.७४	७८८,३७०,२२९.००	१२,६१६,२१७,९६६.७४

नेटवर्थ प्रति शेयर	१३७.१८	१५४.६८	
कूल कर्जा	६९,५९७,५७८,५६३,.०५	४,०३९,६७४,५११.००	७४,४२७,६२१,४५४
कूल निक्षेप	७६,८८६,४६६,४८३	४,८५८,६१७,७७६.००	८१,७४५,०८४,२५९
(क) संस्थागत	३६,१९८,१४८,४२०.१	२४६,९५७,१५२.००	३६,४४५,१०५,५७२
(ख) सर्वसाधारण	४०,६८८,३१८,०६२.९	४,६११,६६०,६२४.००	४५,२९९,९७८,६८७
निष्कृय कर्जा (रकममा)	**६८३,०६३,४९४.३२**	**४६,३११,९२७.००**	**७२९,३७५,४२१**
निष्कृय कर्जा अनुपात	**०.९८%**	**१.१५%**	**०.९८%**
कर्जा वर्गीकरण			
१. असल	६७,५८३,३०५,१०९.६३	३,७८३,०१०,१४०.००	७१,३६६,३१५,२४९.६३
२. सुक्ष्म निगरानी	१,३३१,२०९,९५९.१०	२१०,३५२,४४०.००	१,५४१,५६२,३९९.१०
२. पुनरसंरचना			
३. कमसल	७९,८३७,१०१.८८	३९,८९६,९६६.००	११९,७३४,०६७.८८
४. शंकास्पद	१६,८२५,६३४.५४	२,५५२,४३३.००	१९,३७८,०६७.५४
५. खराव	५८६,४००,७५७.९०	३,८६२,५२८.००	५९०,२६३,२८५.९०
कर्जा नोक्सानी व्यवस्था पर्याप्तता	छ	छ	
प्रचलित कानून तथा नियमनको पालना स्थिति	पालना भएको	पालना भएको	
तरलता विवरण	**२१.७२**	**३२.४९**	
तरलता अनुपात (CRR)	४.३९	४.२१	
कर्जा निक्षेप अनुपात	७८.४१	७१.६४	
(ने.रा.बैं बमोजिम)			
जनशक्ति व्यवस्थापन	यस सम्बन्धमा संयुक्त मर्जर समितिबाट मानब संशाधन सम्बन्धमा छुट्टै प्रतिवेदन तयार गरिएको र सोही प्रतिवेदनलाई एकीकृत कारोबार पश्चात कार्यान्वयन गरिने ।		
सूचना प्रविधि	सूचना प्रविधिको हकमा हाल श्री सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड Finacle Core Banking Software र श्री सहयोगी विकास बैंक लिमिटेडमा Pumori सफ्टवेयर प्रयोग भई रहेकोमा Finacle Core Banking सफ्टवेयरको रुपमा प्रतिस्थापन हुनेछ ।		
शेयर आदान प्रदान अनुपात	-	श्री सहयोगी विकास बैंक लिमिटेडको १०० कित्ता शेयर बराबर श्री सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको ९१.७५ कित्ता शेयर प्रदान गर्ने	
बजार मुल्य (अन्तिम मूल्य), सर्वसाधारण शेयर	१९४	१९७.००	

व्यवसायको बजार अंश	(सिटिजन्सको हकमा क वर्ग र सहयोगीको हकमा ख वर्गको आधारमा)		
कर्जाको आधारमा	२.६४%	१.२०%	
निक्षेपको आधारमा	२.५८%	१.२५%	
पूँजी कोषको आधारमा	२.५८%	१.४५%	
खुद नाफा	२.१२%	१.८२%	

लक्षित र प्राप्ति गर्ने संस्थाहरुको १८० दिनको औसत प्रति शेयर बजार मूल्य देहाय बमोजिम रहेको छ ।

विवरण	सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड	सहयोगी विकास बैंक लिमिटेड
साधारण शेयर	२२१.१५	१९८.६२
संस्थापक शेयर	१५९.००	-

(८) (१) सम्पत्तिको मुल्यांकन र सम्पत्ति दायित्वको मिलान पद्धतिः

संयुक्त प्राप्ति समितिबाट सहयोगी विकास बैंक लिमिटेडको सम्पत्ति तथा दायित्व मूल्याङ्कन गर्न नियुक्त मूल्यांकनकर्ता श्री पि.पि. प्रधान एण्ड कम्पनी, चार्टर्ड एकाउण्टेण्ट्स्बाट तयार पारिएको दायित्व तथा सम्पत्तिको मूल्यांकन प्रतिवेदनको (Due Diligence Audit Report) बुँदा नं. २.११ मा सिफारिस गरिएको शेयर आदान प्रदान अनुपात मध्ये बुँदा नं. २.११ (b) अनुसार सहयोगी विकास बैंक लिमिटेडको १०० कित्ता शेयर बराबर सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको ८७ कित्ता शेयर प्रदान गर्ने सिफारिस भएकोमा बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी विनियमावली २०७३ (चौथो संशोधन २०७५ सहित) को विनियम ९(क) बमोजिम लक्षित संस्था सहयोगी विकास बैंक लिमिटेडको व्यवसायको प्रतिष्ठा, कर्मचारीको योग्यता, बजार उपस्थिति, विगतको मुनाफाको अवस्था, पछिल्लो बजार मूल्य लगायतका आधारमा संयुक्त मर्जर तथा एक्विजिशन समितिले विनियम ८ बमोजिम मूल्याङ्कन प्रतिवेदनमा उल्लेखित खुद सम्पत्तिको ५.०३६१६ प्रतिशतले सहयोगी विकास बैंक लिमिटेडको आधार नेटवर्थमा थप गरि गणना गरिएको निम्नानुसारको समायोजित शेयर आदान प्रदान अनुपात अनुसार हुन आउने सहयोगी विकास बैंक लिमिटेडको १०० कित्ता शेयर बराबर सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको ९१.७५ कित्ता शेयर प्रदान गर्ने गरी सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले सहयोगी विकास बैंक लिमिटेडलाई प्राप्ति गर्न दुई संस्था सहमत भएका छौं ।

	सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड			सहयोगी विकास बैंक लिमिटेड	
गणनाका आधारहरु	**रकम**	**भारांक**	**कुल रकम**	**भारांक**	**कुल रकम**
खुद सम्पत्ति	११,४९०,०९८,८९७	७५%	८,६१७,५७४,१७३	१००%	७०१,९०१,६९३
व्यवसायिक मूल्याङ्कन	२०,११२८६२७७८	२०%	४,०२२,५७२,५५६		
बजार पूँजीकरण	१९०७४०२३५७६	५%	९५३,७०१,१७९		
मुल्यांकनकर्ताले गणना गर्ने आधार नेटवर्थ			**१३,५९३,८४७,९०८**		**७०१,९०१,६९३**
सहयोगी विकास बैंक लिमिटेडको खुद सम्पत्तिको ५.०३६१६ प्रतिशत			-		३५,३१६,८८५

थप					
समायोजित आधार नेटवर्थ			**१३,५९३,८४७,९०८**		**७३७,२१८,५७८**
शेयर कित्ता			८६,२२१,९६७		५,०९६,६८२
समायोजित प्रति शेयर आधार नेटवर्थ			**१५७.६६**		**१४४.६५**
शेयर आदान प्रदान अनुपात			**१**		**०.९१७५**

(२) सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले सहयोगी विकास बैंक लिमिटेडलाई प्राप्ति गरे पश्चात सहयोगी विकास बैंक लिमिटेडको सम्पूर्ण सम्पत्ति, दायित्व तथा व्यवसाय सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा स्थानान्तरण गरिनेछ तथा प्राप्ति पश्चात दुई संस्थाको सम्पत्ति तथा दायित्वको लेखाङ्कन शेयर Swap Ratio बाट बचत हुने रकमलाई मर्जर जगेडा कोषमा समायोजन गरी किताबी मूल्यमा मिलान गरिने छ ।

(९) प्राप्ति गर्ने कार्यका लागि लाग्ने अनुमानित समयावधि

विशेष साधारण सभाको स्वीकृति एवं नेपाल राष्ट्र बैंकको अन्तिम स्वीकृति एवं आवश्यक अन्य नियमनकारी निकायहरुको स्वीकृति लिई दुबै संस्थाले प्राप्तिको सम्पूर्ण कार्य समाप्त गरी एकीकृत कारोबार प्रारम्भ २०७६ ज्येष्ठ १५ मा गर्ने प्रस्ताव गरिएको छ ।

(१०) प्राप्ति पछिको पूँजी संरचना, नियन्त्रणमा परिवर्तन तथा स्वामित्व संरचना:

१) प्राप्ति अघिको पूँजी तथा शेयर स्वामित्वको संरचना:

पूँजी संरचना:

विवरण	सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड	सहयोगी विकास बैंक लिमिटेड
अधिकृत पुँजी (रु.)	१०,०००,०००,०००.००	६००,०००,०००.००
जारी पुँजी (रु.)	८,६२२,१९६,७१६.१९	५०९,६६८,२००.००
चुक्ता पुँजी (रु.)	८,६२२,१९६,७१६.१९	५०९,६६८,२००.००

शेयर स्वामित्व संरचना:

विवरण	सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड	स्वामित्व प्रतिशत	सहयोगी विकास बैंक लिमिटेड	स्वामित्व प्रतिशत
संस्थापक	४,३९७,३२०,३२५.२६	५१%	२५९,९३१,१००.००	५१%
सर्वसाधारण	४,२२४,८७६,३९०.९३	४९%	२४९,७३७,१००.००	४९%
जम्मा	८,६२२,१९६,७१६.१९	१००%	५०९,६६८,२००.००	१००%

(२) प्राप्तिको अवस्थामा पूँजी तथा शेयर स्वामित्वको संरचना मिलान (Swap Ratio 100 : 91.75)

विवरण	सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड	स्वामित्व प्रतिशत	सहयोगी विकास बैंक लिमिटेड	स्वामित्व प्रतिशत	प्राप्ति पछि बन्ने बैंक	स्वामित्व प्रतिशत
संस्थापक	४,३९७,३२०,३२५.२६	५१%	२५९,९३१,१००.००	५१%	४,६३५,८०७,१०९.५१	५१%
सर्वसाधारण	४,२२४,८७६,३९०.९३	४९%	२४९,७३७,१००.००	४९%	४,४५४,०१०,१८०.१८	४९%
जम्मा	**८,६२२,१९६,७१६.१९**	**१००%**	**५०९,६६८,२००.००**	**१००%**	**९,०८९,८१७,२८९.६९**	**१००%**

(३) प्राप्ति पछि बैंकको पूँजी संरचना

विवरण	सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड
अधिकृत पुँजी (रु.)	१०,०००,०००,०००.००
जारी पुँजी (रु.)	९,०८९,८१७,२८९.६९
चुक्ता पुँजी (रु.)	९,०८९,८१७,२८९.६९

(११) संचालक समिति सम्बन्धी व्यवस्थाः

संस्था प्राप्ति पछि सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको देहाय बमोजिम ७ जनाको विद्यमान संचालक समिति यथावतै कायम हुनेछ :

क्र.सं	सदस्यको नाम	पद	शेयर समूह (संस्थापक/सर्वसाधारण)
क.	राजन सिंह भण्डारी	अध्यक्ष	संस्थापक
ख.	प्रकाश चन्द्र मैनाली	संचालक	सर्वसाधारण
ग.	सिता कार्की (के.सी.)	संचालक	सर्वसाधारण
घ.	प्रवल जंङ्ग पाण्डे	संचालक	संस्थापक
ङ.	बिजय ध्वज कार्की	संचालक	सर्वसाधारण
च.	सजन शर्मा	संचालक	संस्थापक
छ.	सुदेश खालिङ राई	संचालक	स्वतन्त्र

(१२) संस्थापक समूहको पुर्नसंरचनाः

दुबै संस्था एक आपसमा गाभिएपछि सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको प्रवन्धपत्र तथा नियमावली बमोजिम संस्थापक समूहमा कुनै समूहिकरण (Grouping) हुने छैन । लक्षित संस्था सहयोगी विकास बैंक लिमिटेडका संस्थापकहरु सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको संस्थापकको रुपमा रहने छन् ।

(१३) जनशक्ति व्यवस्थापन सम्बन्धी व्यवस्थाः

सहयोगी विकास बैंक लिमिटेडका कर्मचारीको पद मिलान, तह निर्धारण, कार्य विवरण, तलब, भत्ता, सुविधा लगायतका बिषयहरुमा दुवै संस्थाको बीचमा भएको संझौता बमोजिम ब्यवस्थाको अधिनमा रही सहमति गरिए अनुसार कर्मचारीहरुलाई खाईपाई आएको तलब तथा भत्ता नघट्ने गरी एकीकृत कारोवार शुरु

भएका दिनबाट लागू हुने गरी सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नयाँ नियुक्त हुने र स्वेच्छिक अवकास रोज्ने सहयोगी विकास बैंक लिमिटेडका कर्मचारीहरुलाई आफ्नो कर्मचारी विनियामवलीमा भएको अवकाश दिइने व्यवस्था गरिएको छ ।

(१४) शेयर आदान प्रदान अनुपातः

सहयोगी विकास बैंक लिमिटेडका शेयरधनीहरुले सहयोगी विकास बैंक लिमिटेडको प्रत्येक १०० कित्ता शेयर बराबर सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको ९१.७५ कित्ता शेयर प्राप्त गर्ने गरि शेयर स्वाप अनुपात (Share Swap Ratio) कायम गरिएको छ ।

(१५) संस्थाको गुणात्मक सुधार, व्यवसायको प्रवर्द्धन र सुरक्षा तथा संस्थागत सुशासनको प्रतिवद्धताः

(१) सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले सहयोगी विकास बैंक लिमिटेडलाई प्राप्ति गरेपछि आधुनिक सूचना प्रविधिको उपयोगितालाई थप व्यवस्थित गरी संस्थाको सेवा तथा सुविधामा गुणात्मक सुधार ल्याइनेछ ।

(२) सबल बाणिज्य बैंकको रुपमा वित्तीय पहुँच नपुगेका अन्य क्षेत्रहरु पहिचान गरी सम्भाव्यताको आधारमा शाखा संजाल स्थानान्तरण एवं थप विस्तार गरी व्यवसाय विस्तार एवं प्रवर्द्धन गरिने छ ।

(३) उत्पादनमुलक तथा पूर्वाधार विकास एवं उत्पादनशील लगानीका क्षेत्रहरु पहिचान गरी कर्जा जोखिम न्यूनीकरण गरिनेछ ।

(४) प्रचलित ऐन, कानून, नीति नियम र नेपाल राष्ट्र बैंकको नीति निर्देशनहरुको पूर्ण पालना गरी संस्थागत सुशासनको मर्म र भावना अनुरुप कार्य गरिने छ ।

(५) सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले सहयोगी विकास बैंक लिमिटेडलाई प्राप्ति गरे पश्चात सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको सेवालाई अझ गुणस्तरीय बनाउन बैंकिङ्ग प्रणालीमा निखारता ल्याउन र बैंकको छवि स्वच्छ र उच्च राख्न आजको प्रतिस्पर्धात्मक बैंकिङ्ग बजारमा वाणिज्य बैंकलाई आवश्यक पर्ने दक्ष व्यवस्थापनको व्यवस्था गरी संस्थागत सुशासनको मर्म र भावना अनुसार कार्य गरिने छ ।

(१६) संस्थागत पुनरसंरचना, एक आपसमा शाखा तथा कार्यालयहरुको मिलान तथा संचालन व्यवस्थाः

लक्षित संस्थाको केन्द्रीय कार्यालय तथा प्राप्त गर्ने/लक्षित संस्थाहरुको शाखा कार्यालयहरुलाई देहाय बमोजिम मिलान तथा संचालन गरिनेछः

(१) लक्षित संस्था सहयोगी विकास बैंक लिमिटेडको केन्द्रीय कार्यालयलाई शाखा कार्यालयमा परिणत गरी कारोवार संचालन गरिनेछ ।

(२) लक्षित र प्राप्ति गर्ने संस्थाहरुको एकै स्थानमा रहेका शाखा कार्यालयहरुको सन्दर्भमा अन्य उपयूक्त स्थानमा नेपाल राष्ट्र बैंकबाट आवश्यक स्वीकृति लिई स्थानान्तरण गरी संचालन गरिनेछ ।

धन्यवाद ज्ञापन

यस बैंकको उद्देश्य प्राप्तिका लागि सहयोग पुऱ्याउनु हुने सम्पूर्ण शेयरधनी महानुभावहरू, ग्राहकवर्ग तथा नेपाल सरकारका सम्बद्ध निकायलगायत नेपाल राष्ट्र बैंकप्रति सञ्चालक समितिको तर्फबाट म हार्दिक आभार प्रकट गर्दछु । बैंकको उत्तरोत्तर उन्नति र प्रगतिमा पुऱ्याउनु भएको योगदानका लागि प्रमुख कार्यकारी

अधिकृतलगायत बैंकका सम्पूर्ण अधिकृत तथा कर्मचारीहरू र अन्य सहयोगीहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु । साथै बैंकका गतिविधिहरूलाई सकारात्मक रूपमा जनसमक्ष पुऱ्याइदिने संचारजगत र प्रत्यक्ष अप्रत्यक्ष रूपमा बैंकलाई सहयोग पुऱ्याउने सम्पूर्ण शुभेच्छुकहरू प्रति पनि म हार्दिक आभार व्यक्त गर्दछु ।

मितिः २०७६/१२/१०

सञ्चालक समितिको तर्फबाट
राजन सिंह भण्डारी
अध्यक्ष

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको प्रबन्ध-पत्रमा गरिएको प्रस्तावित संशोधन सम्वन्धी
तीन महले
प्रबन्ध-पत्रको दफा ५ को (ख) र (ग) मा संशोधन गर्ने

क.स	साविक	प्रस्तावित संशोधन	कारण
१	**५. बैकको पूँजीको संरचना :** (ख) बैंकको कुल जारी पूँजी रु ८,६२,२१,९६,७१६/- (अक्षरेपि आठ अर्ब बैसट्ठि करोड एक्काइस लाख छयानब्बे हजार सात सय सोहै रुपैया मात्र) हुनेछ । सो पूँजीलाई रु.१००।- का दरले ८,६२,२१,९६७/- (अक्षरेपि आठ करोड बैसट्ठि लाख एक्काइस हजार नौ सय सत्सट्ठि दशमलब सोह्र) थान साधारण शेयरमा विभाजन गरिएको छ । बैंकको तत्काल जारी गर्ने शेयर पूँजी न्युनतम रु ८,६२,२१,९६,७१६/- (अक्षरेपि आठ अर्ब बैसट्ठि करोड एक्काइस लाख छयानब्बे हजार सात सय सोहै रुपैया मात्र) हुनेछ ।	**५. बैकको पूँजीको संरचना :** (ख) बैंकको कुल जारी पूँजी रु ९,०८,९८,१७,२९०/- (अक्षरेपि नौ अर्ब आठ करोड अन्ठानब्बे लाख सत्र हजार दुइ सय नब्बे रुपैया मात्र) हुनेछ । सो पूँजीलाई रु.१००।- का दरले ९,०८,९८,१७२/- (नौ करोड आठ लाख अन्ठानब्बे हजार एक सय बहत्तर) थान साधारण शेयरमा विभाजन गरिएको छ । बैंकको तत्काल जारी गर्ने शेयर पूँजी न्युनतम रु ९,०८,९८,१७,२९०/- (अक्षरेपि नौ अर्ब आठ करोड अन्ठानब्बे लाख सत्र हजार दुइ सय नब्बे रुपैया मात्र) हुनेछ ।	सहयोगी विकास बैंक लिमिटेडलाई प्राप्ती पश्चात कायम हुने चुक्ता पूंजी अनुसार संशोधन गर्नु परेकोले ।
२	(ग) बैंकको तत्काल चुक्ता पूँजी न्युनतम रु. ८,६२,२१,९६,७१६/- (अक्षरेपि आठ अर्ब बैसट्ठि करोड एक्काइस लाख छयानब्बे हजार सात सय सोहै रुपैया मात्र) हुनेछ ।	(ग) बैंकको तत्काल चुक्ता पूँजी न्युनतम रु ९,०८,९८,१७,२९०/- (अक्षरेपि नौ अर्ब आठ करोड अन्ठानब्बे लाख सत्र हजार दुइ सय नब्बे रुपैया मात्र) हुनेछ ।	